# के स्थानीय तह (सरकार) ले वन व्यवस्थापन कार्यमा न्याय दिन सक्छ ?

भोला भट्टराई[1]


### सारांश

स्थानीय तहको निर्वाचनले थुप्रै खालका नयाँ सम्भावनाहरुको सुरुवात गरेको छ । स्थानीय तहमा हुने विकास निर्माण लगायतका गतिविधि अब जननिर्वाचित प्रतिनिधिहरु मार्फत हुनेछन् । वन क्षेत्रको दिगो व्यवस्थापनमा पनि स्थानीय तहको भूमिकालाई नेपालको संविधानले उचित स्थान दिएको छ तर पनि कार्यान्वयनको सन्दर्भमा थुप्रै सवालहरु उठान भएका छन् । स्थानीय सरकारले वन व्यवस्थापन मार्फत न्याय दिन सक्ने कुरा माथि प्रश्न उठेको यस अवस्थामा यस्ता प्रश्नहरुको उचित उत्तर पाउन यस लेखमा थुप्रै सरोकारवालासँग छलफल गरिएको छ । उनीहरुसंगको घनीभूत छलफल, प्रकाशित तथा अप्रकाशित अभिलेखहरुको विश्लेषणको आधारमा केही नतिजाहरु प्राप्त भएका छन् । वनको परम्परागत पद्धति र संरचना प्रति व्यापक वितृष्णा पाइएको छ भने वनको व्यवस्थापनलाई एउटै तरिका र सोचबाट मात्र हेर्न नहुने तर्क पाइन्छ । ठाउँ र आवश्यकताको आधारमा वन व्यवस्थापन गर्नुपर्ने, स्थानीय तहको क्षमतामा विकास हुनुपर्ने, वनको नियमन र व्यवस्थापन स्थानीय तह मार्फत नै हुनुपर्ने तर्क पनि व्यक्त भएका छन् । स्थानीय सरकारले आर्थिक श्रोतको लागि मात्र नभएर समुदायका गरिब तथा विपन्न समूहको समृद्धिको लागि पनि वनको व्यवस्थापन योजना तयारी र लागु गर्नुपर्ने देखिएको छ । स्थानीय सरकारसंग वन व्यवस्थापनको लागि थुप्रै अवसर र चुनौती पनि भएकोले स्थानीय सरकार, प्रदेश, संघ र निजी क्षेत्र तथा गैरसरकारी संघ-संस्थासंग सहकार्य र साझेदारी गरी काम गर्नुपर्ने देखिन्छ ।


स्थानीय सरकार, दिगोवन, वनव्यवस्थापन, लाभांश वितरण

## पृष्ठभूमी

नेपालको राज्य पुर्नसंरचनाको कार्य यतिबेला चर्चाको विषय बनेको छ । राज्य पुर्नसंरचना अन्तर्गत स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । स्थानीय निर्वाचन पश्चात् प्रदेश र केन्द्र(संघ)को निर्वाचन पनि हालै सम्पन्न भएका छन्। जनप्रतिनिधिहरु निर्वाचित भईसकेका छन् भने अब यिनै निर्वाचित प्रतिनिधि मार्फत सबै तहमा शासन संचालन हुनेछ । निर्वाचनको क्रममा पार्टी तथा उम्मेद्वारहरुले सार्वजनिक गरेका घोषणा तथा प्रतिवद्धता पत्र बमोजिम सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा विकासका गतिविधि तथा आयोजनाहरु संचालन गर्नेछन्। पार्टीहरुले विकासका सबै पक्षहरुका (जस्तो - शिक्षा, स्वास्थ्य, खानेपानी ,कृषि, भूमी सुधार, आयआर्जन वृद्धि, मानवीय विकास आदि) विषयमा थुप्रै प्रतिवद्धताहरु मतदाता सामु प्रस्तुत गरेका छन् । समाजमा विद्यमान अन्याय र असमावेशिकरणको कारण देखिएको वर्गिय विभेद, श्रोत माथि सिमित वर्गको पहुँच र नियन्त्रण, समाजमा विद्यमान मूल्यमान्यताको ध्वसं आदि प्रभाव र असर देखापर्न थालेको छ । अर्कोतर्फ, विश्लेषण गर्ने हो भने लामो राजनैतिक द्वन्द पश्चात् लागू भएको नेपालको संविधान र राज्य पुर्नसंरचनाको आधारभूत मान्यता अनुसार स्थानीय सरकारले ती सबै विभेद र अन्यायको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने अपेक्षा गरिएको छ । स्थानीय सरकारलाई विकास निर्माण लगायतका विषयमा काम गर्ने प्रशस्त वातावरण श्रृजना भएको छ (अर्थ मन्त्रालय, २०७४)। यसैगरी निर्वाचित जनप्रतिनिधिहरुमा पनि काम गर्ने जोश र जाँगर देखिएको छ (सन्तोष गुरुङ्ग, धार्चे गाउँपालिकाको गोर्खा प्रमुखसंगको कुराकानी , १५ मंसिर २०७४) ।

१ लेखक काठमाण्डौं विश्वविद्यालय स्कूल अफ एडुकेशनमा विकास अध्ययन विषयमा अध्यनरत हुनुहुन्छ ।

स्थानीय तहका जनप्रतिनिधिहरुमा यतिवेला उमंग त छदै छ, तर केही अन्यौल पनि देखा परेको छ । एकातर्फ, नेपालको संविधानले दिएको अधिकार प्रयोग गर्न उनीहरु आतुर छन् भने अर्कोतर्फ केन्द्रिय सरकारको मानसिकता भने पूर्ण रुपमा शक्ति हस्तान्तरण गर्न तयार देखिएको छैन् । नेपालको संविधानले व्यवस्था गरेको अधिकारको बाँडफाँड अनुसार स्थानीय तहको एकल सूचीमा रहेको कामहरु र साझा सूचीमा रहेको व्यवस्था अनुसारको काम ७५३ वटै स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने हुन्छ । अर्कोतर्फ हेर्ने हो भने यी उल्लेखित विषय मध्ये कतिपय सवालमा विगतदेखि नै विभिन्न संघ-संस्था, समुदाय तथा निकायहरु मार्फत पनि काम हुदै आएको छ। परिवर्तित राजनैतिक सन्दर्भमा प्रत्येक क्षेत्रमा नयाँ तरिकाबाट काम हुने अपेक्षा गरिएको छ। यस लेखमा भने परिवर्तित सन्दर्भमा वन व्यवस्थापन पद्धतिमा पर्ने प्रभावलाई प्रकास पार्ने प्रयास गरिएको छ। नेपालको वन व्यवस्थापन सम्बन्धमा नव गठित स्थानीय सरकारबाट कस्तो काम हुनुपर्छ ?  के स्थानीय सरकारले वन क्षेत्र मार्फत न्याय स्थापनामा मद्धत पुर्‍याउँला ? स्थानीय तहको सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती के हुनसक्छन् ? र आगामी बाटो कस्तो हुनुपर्छ ? भन्ने विषयलाई केन्द्रमा राखेर यो लेख तयार गरिएको छ ।

## विधि

यो लेख विशुद्ध रुपमा गुणात्मक अध्ययन विधिमा आधारित छ। पहिले नै प्रकाशित भईसकेका थुप्रै सामाग्री, नेपालको संविधान तथा हाल वन क्षेत्रका सरोकारवाला निकायहरुले सार्वजनिक गरेका अभिमतहरुलाई लेखमा विश्लेषण गर्ने जमर्को गरिएको छ । यसरी संकलित सामाग्रीबाट वन व्यवस्थापनको विषयलाई निकाल्ने र सोही आधारमा निर्वाचित जनप्रतिनिधि तथा केही कर्मचारीहरु गरी १० जना व्यक्तिहरुसंग गरेको भेटघाट र छलफलको आधारमा यो लेख तयार गरिएको छ । यो छलफल अनौपचारिक रुपमा गरिएको थियो भने छलफलको लागि असंगठित परिक्षण सूची प्रयोग भएको थियो । कतिपय विषयहरु विभिन्न वैठक तथा कार्यशाला गोष्ठीमा सहभागीहरुले उठान गरेको विचारहरुलाई समेत संश्लेषण गरी प्रस्तुत गरिएका छन् ।

## अध्ययनको सिमा

वन क्षेत्र व्यवस्थापनको विषय आफैँमा विस्तृत क्षेत्र ओगटेको विषय हो । स्थानीय सरकारको विशेष ध्यान जाने क्षेत्रहरु मध्ये यस लेखमा तराईको वन क्षेत्रको व्यवस्थापनमा सिमित गरिएको छ । यसैगरी स्थानीय सरकारले वनक्षेत्रको व्यवस्थापन मार्फत कसरी न्याय दिन सक्छ भन्ने विषयभित्र समता (Equity) को विषयमा सिमित गरिएको छ ।

## नीतिगत समिक्षा, नेपालको संविधान

**१. संविधानको प्रावधान** अनुसार अनूसूची - ८ ले स्थानीय तहको अधिकारको सूची तय गरेको छ। यसमा स्थानीय सेवाको व्यवस्थापन , स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणमा स्थानीय सरकारलाई जिम्मेवार बनाइएको छ। यस सूचीमा वन व्यवस्थापनमा स्थानीय तहको अधिकारको सम्बन्धमा कुनै पनि व्यवस्था गरेको छैन्। यद्यपी, अनुसूची - ९ ले तीनवटै तहको अधिकारको साझा सूची अन्तर्गत वन, जंगल, वन्यजन्तु, वातावरण,जैविक विविधता आदि समावेश गरेको छ । अर्कोतर्फ अनुसूची-७ ले संघ र प्रदेशबीच वनको सम्बन्धमा साझा अधिकार रहन सक्ने व्यवस्था गरेको छ । साथै, अर्कोतर्फ अनुसूची-६ को प्रदेशको अधिकार अन्तर्गत ‘प्रदेशभित्रको राष्ट्रिय वन’ भनी व्यवस्था गरेको पाइन्छ। यसले वन व्यवस्थापनमा स्थानीय तहको एकल अधिकार नरहेको कुरा स्पष्ट रुपमा देखाएको छ । साथै, प्रदेश स्तरमा रहेको सबै राष्ट्रिय वन क्षेत्र प्रदेश मातहतमा रहने कुरा स्पष्ट पारेको छ ।

**टेबल नं १ : नेपालको संविधानमा उल्लेखित अनुसुची र अधिकारका क्षेत्रहरु :**

| **अनुसूची-५संघको अधिकारको सूची** | **अनुसूची-६ प्रदेशको अधिकारको सूची** | **अनुसूची ७ संघ र प्रदेशको साझा अधिकारको सूची** | **अनुसूची-८ स्थानीय तहको अधिकारको सूची** | **अनुसूची-९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची** |
|---|---|---|---|---|
| धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित | धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित | धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित | धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित | धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित |
| २७ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्वन सेवा | १६ भूमि व्यवस्थापन, जग्गाको अभिलेख | १३ प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता | ४ स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन | ६ सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| २९ भूउपयोग नीति, वस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन | १९ प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन | २३ अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र, जल उपयोग | १० स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | ७ वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ३५ संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएको विषय | | २४ भूमि नीति र सो सम्बन्धी कानून | २१ जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | १३ सुकुम्बासी व्यवस्थापन |
| | | | | १४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |

(श्रोत : नेपालको संविधान, २०७२ )

संविधानले व्यवस्था गरेको अधिकारको सूचीलाई विश्लेषण गर्दा स्थानीय तहको अधिकार अन्तर्गत बुँदा नं १० मा वातावरण संरक्षण र जैविक विविधता एवं २१ नम्बरमा जलाधार, वन्यजन्तु, खानी तथा खनिजको व्यवस्थापनको अधिकार मात्र दिएको छ भने अनुसुची ९ को साझा सुची अन्तर्गत नम्बर ७ मा वन, जंगल, वन्यजन्तु, जैविक विविधता आदिको व्यवस्थापन र नियमनमा तीनवटै तहका सरकारको भूमिका हुनसक्ने कुरा स्पष्ट पारेको छ। यसैगरी प्राकृतिक श्रोतबाट उठाउने रोयल्टी पनि तीनवटै तहमा बाँडफाँड हुने कुरा उल्लेख छ। संविधानको व्यवस्थापन विपरित सरकारले जारी गरेको ऐन तथा प्रतिवेदन र परिपत्रहरुले उक्त अधिकारको सुची फरक-फरक ढंगले व्याख्या हुन थालेको छ।

**२. कार्य विस्तृतिकरण प्रतिवेदन तथा परिपत्रहरुः-** नेपालको संविधानले व्यवस्था गरेको अधिकारको सूचीलाई व्याख्या गर्दै नेपाल सरकारले जारी गरेको कार्य विस्तृतिकरण प्रतिवेदन (२०७४) ले वनको व्यवस्थापनका लागि स्थानीय वडालाई जिम्मेवार बनाएको छ। सामुदायिक वनको व्यवस्थापन र नियमनको जिम्मेवारी स्थानीय वडा तहको हुने व्याख्या गरिएको छ। यही व्यवस्थाको आधारमा स्थानीय सरकारले वनको व्यवस्थापन र नियमनको तयारी समेत गर्न थालेको पाइन्छ।

यसैगरी, सरकारी स्तरबाट भएका परिपत्रहरुले पनि स्थानीय तहको टुक्रा वन क्षेत्रको व्यवस्थापनमा स्थानीय तहलाई नै बढि जिम्मेवार बनाएको पाइन्छ।

**३. ध्यानाकर्षण तथा ज्ञापनपत्रहरुः-** वनक्षेत्रको व्यवस्थापनको लागि सरकारी परिपत्रहरु जारी भइरहँदा वन क्षेत्रका ट्रेड यूनियन तथा पेशागत संघ-संगठनहरुले भने विरोध जनाइरहेका छन् (वन प्राविधिक संघ लगायतका संघ संस्थाको ध्यानाकर्षण पत्र,२०७४)। उनीहरुको तर्क अनुसार संविधानको व्यवस्था विपरित सरकारले परिपत्र मार्फत् स्थानीय तहलाई वन व्यवस्थापनको अधिकार दिइएकोले सो कार्य रोकिनुपर्ने भन्ने मत रहेको छ। उनीहरुको माग, "संविधानको अनूसूचीको व्यवस्था अनुसार 'राष्ट्रिय वन' को व्यवस्थापनको अधिकार प्रदेश तहमा नै रहनुपर्ने" रहेको छ।

**४. वन नीति, ऐन तथा नियमहरुः-** वन क्षेत्रको व्यवस्थापनको सन्दर्भमा वर्तमान वन नीति २०७१, वन ऐन २०४९ आदि पनि क्रियाशील रहिरहेको सन्दर्भमा वनको व्यवस्थापन र नियमन कार्य अर्को वन ऐन तर्जुमा नहुदाँ सम्म वर्तमान ऐन नै प्रभावित हुने तर्क गरिएको छ। वर्तमान वन ऐनले वनको परिभाषालाई पुर्ण व्याख्या गरी निजी वन बाहेकको सम्पूर्ण क्षेत्र नै राष्ट्रिय वनको परिभाषा अन्तर्गत व्याख्या गरेको छ। ती क्षेत्रहरुको बृहत्तर जग्गा व्यवस्थापन र योजना निर्माण गर्ने र लागु गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ। संविधानको अधिकार सूची अन्तर्गत जग्गा प्रयोग योजना (Land Use Planning ) को जिम्मेवारी स्थानीय तहलाई दिइएको पाइन्छ।

**५. स्थानीय सरकार संचालन ऐन (२०७४)**:- सरकारले ७५३ वटै गाउँपालिका तथा नगरपालिकाहरुको कार्य संचालनको लागि स्थानीय सरकार संचालन ऐन (२०७४) जारी गरेको छ। सो ऐनले स्थानीय सरकारको अधिकारको क्षेत्रलाई व्याख्या गरेको छ। संविधानको अनूसूचीहरुमा व्यवस्था भएको साझा सुचीको अधिकारहरुलाई स्थानीय सरकारको अधिकारको सूची अन्तर्गत व्यवस्था गरी स्थानीय सरकारलाई थप अधिकार सम्पन्न बनाएको छ। सो ऐनको परिच्छेद ३ को गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ११ को (१) ले संविधानको अनूसुची ८ अन्तर्गतको एकल अधिकारको सम्पुर्ण प्रावधानलाई उल्लेख गरेको छ भने सोही दफाको उपदफा (३) मा साझा अधिकारको संविधानको अनुसुची ९ को व्यवस्थालाई प्रदेश कानूनको अधिनमा रही काम गर्ने गरी अधिकारका क्षेत्रहरु उल्लेख गरिएको छ। जस अन्तर्गत साझा अधिकारको प्रयोग गर्दा संघ र प्रदेशको कानूनको अधिनमा रही गाउँपालिका तथा नगरपालिकाले गर्नसक्ने कामको अधिकार क्षेत्र अन्तर्गत स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, संबर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समुहको व्यवस्थापन गर्ने उल्लेख भएको छ।

## नतिजा/ छलफल

### १. वन क्षेत्र नै नभएका स्थानीय तहले वन पैदावारको आपूर्ति कसरी गर्ने ?

तराईका अधिकांश र केही पहाडका स्थानीय तहमा राष्ट्रिय वनको टुक्रासम्म पनि छैन्। देशभरीका १०६ स्थानीय तहमा राष्ट्रिय वन नरहेको तथ्यांक सार्वजनिक भएको छ (DFRS, 2018)। दैनिक जीवनयापनको लागि अत्यावश्यक घाँस,दाउरा,काठ जस्ता वस्तुको अभाव तराईका समुदायले व्यहोर्नु पर्ने स्थिति छ। विगत लामो समयदेखि वन अधिकारबाट वञ्चित तराई तथा मधेसी समुदायलाई संघीयताले खासै सहयोग पुऱ्याउने देखिदैन भने कतिपय पहाडी समुदाय पनि यो समस्याबाट मुक्त हुने अवस्था छैन। वन क्षेत्र नै नभएका स्थानीय तहले वन क्षेत्र भएका स्थानीय तहसँग संविधानको भावना अनुरुप समन्वय गर्दै आफ्ना नागरिकहरुलाई वन पैदावारको आपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्ने छ। अझ,अर्कोतर्फ हेर्ने हो भने प्रदेश सरकारले वा संघले सबै क्षेत्रका नागरिकलाई वन पैदावार पाउने वातावरण सृजना गर्नुपर्ने देखिन्छ।

यसैगरी राजमार्ग नजिक वन क्षेत्र भएको समुदायले सामुदायिक वनको रुपमा उपयोग गरिरहेका छन्। वनक्षेत्र भन्दा टाढा बस्ने तथा सामुदायिक वनमा उपभोक्ता बन्न नपाएकाहरुले पनि वन पैदावार पाउन सकेका छैनन्। हाल अभ्यास गरिएको सामुदायिक/साझेदारी लगाएतका वनहरुमा पनि स्थानीय ठालुहरुको वोलावाला छ। जसले गर्दा गरिब तथा पछाडी पारिएका समुदायको पहुँच र नियन्त्रण बढ्न सक्ने स्थिति छैन्।

### २. उत्तरमा वन, दक्षिणमा वस्ती

तराईका अधिकांश वनक्षेत्रहरु पूर्व-पश्चिम राजमार्गको छेउछाउमा छन् भने बस्तीहरु दक्षिणमा ४०-५० किलोमिटर सम्म फैलिएका छन्। भारतको सिमानासम्म फैलिएको बस्तीको लागि वनको पहुँच पुऱ्याउने कार्य चुनौतिपूर्ण छ। यस कार्यको लागि एक-दुईवटा स्थानीय तहले मात्र प्रयास गरेर समस्याको समाधान हुन सक्दैन्। संघ तथा प्रदेशले वन नभएका गाउँपालिका-नगरपालिकाको लागि नयाँ वन निर्माण गर्ने अभियान नै सुरु गर्नुपर्ने देखिन्छ। साथै, भएका राष्ट्रिय वनहरुको पनि तत्काल पूर्नसंरचना गर्नेतर्फ ध्यान दिनुपर्दछ। वर्तमान, वन व्यवस्थापन प्रणाली नै कायम रहेको अवस्थामा नयाँ संरचनाले पनि वन क्षेत्रमा न्याय दिनसक्ने सम्भावना कम छ। वन हुने स्थानीय सरकार श्रोतमा धनी हुन्छ र काठ-दाउरा बिक्रिवितरण गर्ने, वन पैदावारमा आधारित उद्यम स्थापना गर्ने काम गर्नसक्छ भने वन नहुनेले अर्कोबाट किन्नुपर्ने बाध्यता हुन्छ। यसरी हेर्दा वर्तमानमा भैइरहेको अभ्यास (सामुदायिक/साझेदारी वन र स्थानीय सरकार) ले दक्षिण तथा वनबाट टाढा भएका प्रति थप अन्याय गर्नसक्ने प्रष्ट देखिन्छ।

### ३. वन व्यवस्थापन र सुशासनको सवाल

अधिकांश वनको गुणस्तर दिन प्रतिदिन खस्कदै गएको छ। यसलाई यथासिघ्र व्यवस्थापन गर्नु आवश्यक देखिन्छ। साथै वन व्यवस्थापन कार्यलाई बढी पारदर्शी र सुशासन सुनिश्चित गर्नेतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ। स्थानीय सरकारले तराईको वनको दिगो व्यवस्थापनको लागि आफ्नै मापदण्ड तयार गरी लागु गर्नसक्नेछ। यसका लागि वन प्राविधिक,वनक्षेत्रका विज्ञहरु र गाउँपालिका/नगरपालिका बीच सहकार्यको सम्भावना रहन्छ। वनको वर्तमान संरचनाहरु अन्यायपुर्ण भएकै कारण न्यायपुर्ण संरचनाको आवश्यकता महशुस भएको हो। स्थानीय समुदायमा आधारित वनहरुमा देखिएको असमावेशीकरण, अपारदर्शिता र कुशासनको कारण समुदायका गरिब, दलित तथा विपन्न समुहहरुले वनबाट फाईदा पाउन सकेका छैनन्। यस्तो अवस्थामा नव गठित स्थानीय सरकारले तत्काल आफ्नो क्षेत्रको वन व्यवस्थापनको लागि दीर्घकालिन र अल्पकालिन दृष्टिकोण तयार गरी कार्यान्वयन गर्न सकेमा मात्र न्याय दिनसक्ने देखिन्छ। यथास्थितिका संरचनाहरुमा रुपान्तरण गर्ने तथा विपन्न तथा पछाडी पारिएका समुदायको पहुँच र नियन्त्रण बढाउन स्थानीय सरकारले तत्काल काम गर्नुपर्ने देखिन्छ।

अर्कोतर्फ हेर्ने हो भने वन व्यवस्थापन समूहहरु तथा निकायहरुमा रहेको अपारदर्शिता, असमावेशिकरण आदि सवालको सम्बोधन गर्न पनि स्थानीय सरकारको नेतृत्वदायी भूमिका अपरिहार्य छ।

## ४. वन र लाभांश वाडफाँडको सवाल

स्थानीय सरकारको मुख्य चासो भनेको श्रोतको खोजी र प्राप्त श्रोतको अधिकतम उपयोग हो। श्रोत संकलनको लागि वनको व्यवस्थापन एक सहज उपाय हुन सक्छ। स्थानीय तहमा रहेको निजी तथा सामुदायिक वनहरुमा व्यापक वन व्यवस्थापन गरी आर्थिक उपार्जन गर्ने वा यसबाट प्राप्त आम्दानीको निश्चित प्रतिशत स्थानीय सरकारलाई जाने वातावरण बनाउन सकिने सम्भावना छ। प्राप्त भएको आय समेत वन क्षेत्र कै विकासमा खर्च गर्ने व्यवस्था गरेमा स्थानीय सरकारप्रति जनविश्वास वढ्दै जाने छ। यस विषयमा वन ऐन २०४९ मा भएको साझेदारी वन सम्बन्धि प्रावधान सिकाइयोग्य हुनसक्छ। जस अन्तर्गत स्थानीय तहलाई १० प्रतिशत, सरकारलाई ४० प्रतिशत र स्थानीय समुदायलाई ५० प्रतिशत वनजन्य उत्पादन (काठ,दाउरा) वितरण गर्ने व्यवस्था गरिएको छ। यसले सबै निकायको काम र जिम्मेवारी वोध गराउने विश्वास लिइएको छ। स्थानीय सरकार संचालन ऐनले सामुदायिक वनको संचालन र व्यवस्थापनबाट स्थानीय सरकारले रोयल्टी संकलन गर्न सक्ने व्यवस्था खुल्ला गरेको छ। साथै काठ दाउरा, जडिबुटी लगायत प्राकृतिक श्रोतमा स्थानीय कर, सेवाशुल्क र दस्तुर लगाउन सक्ने व्यवस्था गरेको छ।

## ५. स्थानीय सरकारको प्राथमिकता -आर्थिक उपार्जन र व्यवस्थापन

स्थानीय तहको निर्वाचन पश्चात् बनेको गाउँपालिका तथा नगरपालिकाहरुले प्रथम वार्षिक कार्यक्रम आफ्नो परिषद सभा मार्फत् पारित गराएका छन्। अधिकांश स्थानीय तहको परिषद सभाले विगतकै कार्यक्रमलाई निरन्तरता दिएका छन् भने केहीले थप महत्वाकांक्षी योजनाहरु पनि अघि सारेका छन्। यस बीचमा प्राकृतिक श्रोत व्यवस्थापनका सवालमा स्पष्ट खाका प्रस्तुत भने हुन सकेका छैनन्। वि.सं. २०७४ जेठ २७ गते धुलिखेलमा सम्पन्न गाउँपालिका र नगरपालिकाका प्रमुख तथा उप-प्रमुखको भेला मार्फत सार्वजनिक गरिएको घोषणा-पत्रको वुदाँ नं. ४ लाई हेर्ने हो भने स्थानीय सरकारको चासो स्पष्ट देखिन्छ। उक्त वुदाँमा उल्लेख छ , "स्थानीय समुदायका आर्थिक,सामाजिक,सांस्कृतिक विकासका लागि स्थानीय तह भित्रका प्राकृतिक श्रोत साधनको अधिकतम परिचालन र उपयोग गरी जनताको समग्र विकास र आर्थिक समृद्धि हासिल गर्न तत्परता व्यक्त गर्दछौ (धुलिखेल घोषणा, २०७४)।"

उल्लेखित घोषणाले स्थानीय सरकारको चासो र तत्परता व्यक्त गर्दछ। साथ-साथै प्राकृतिक श्रोतको अधिकतम परिचालन र उपयोग गर्ने कुरा पनि व्यक्त गरेको छ। यसले भौतिक पूर्वाधार लगायत आर्थिक,सामाजिक र साँस्कृतिक विकासका लागि श्रोतको उपयोग हुनेछ भन्ने कुरा स्पष्ट रुपमा पेश गरिएको छ। यसको साथै स्थानीय तहमा बजेट तर्जूमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धि निर्देशिका (२०७४) ले पनि स्थानीय तहको श्रोत परिचालन गर्न सहयोग पुऱ्याउने कार्यलाई प्राथमिकताका साथ संचालन गर्नुपर्ने आवश्यकता औल्याएको छ। यसरी हेर्दा वनक्षेत्र, छिटो र कम लगानीमा आम्दानी बढाउन सक्ने क्षेत्रको रुपमा स्थानीय तहले परिचालन गर्न सक्नेछन्।

## ६. संविधानले विश्वास गर्न नसकेको क्षेत्र

संविधान सभा मार्फत् बनेको संविधानले श्रोत व्यवस्थापनमा स्थानीय समुदाय तथा आदिवासी जनजातिको लगानी र क्षमतालाई विश्वास गर्न सकेको छैन। वन तथा जैविक विविधता संरक्षणमा उनीहरुको परम्परागत ज्ञान र सीपको पहिचान गर्न सकेको छैन। संविधानको अनुसूचीमा गरिएको व्यवस्था अनुसार गरिएको अधिकारको वाँडफाँडको सूचीले वन तथा जैविक विविधताको सवालमा प्रदेशलाई राष्ट्रिय वनको जिम्मेवारी दिएको छ। केही जैविक विविधताको विषय स्थानीय तहको भएपनि स्थानीय समुदाय तथा आदिवासी जनजातिको अधिकारको विषयलाई भने पर्याप्त स्थान दिइएको छैन्। खासगरी, तराई तथा मधेशको सन्दर्भमा हेर्ने हो भने त्यस क्षेत्रमा बसोबास गर्ने जनजाति,दलित,महिला र मधेसी समुदायको पहुँचको कुनै सुनिश्चितता छैन्। भविष्यमा प्रदेशले गर्ने व्यवस्थापनले पनि गरिबमुखी वनको विकासको

सम्भाव्यता आकंलन गर्न सकिने खालको छैन् । अर्कोतर्फ स्थानीय तहले केही निजी वन प्रबर्धन गर्न सके पनि समग्र राष्ट्रिय वन (सामुदायिक,साझेदारी आदि समेत) को व्यवस्थापन गर्न सक्ने क्षमता राख्दै नन् । अर्कोतर्फ विगत १५ (पन्ध्र) वर्ष देखि अभ्यास गर्दै आएको साझेदारी वनको भविष्य समेत अन्यौलग्रस्त बनेको छ । सामुदायिक वनका साना-साना क्षेत्रलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले व्यवस्थापन गर्न र नियमन गर्नसक्ने भएपनि दुई वा दुईभन्दा बढी स्थानीय तहलाई ओगटेको साझेदारी वनलाई कसले नियमन र व्यवस्थापन गर्ने भन्ने विषय अस्पष्ट र अन्यौलग्रस्त बनेको छ । वन क्षेत्रमा पर्ने स्थानीय गाउँपालिका/नगरपालिकाले आफु श्रोतको मालिक भएको ठान्न सक्छ तर वनको अधिकारलाई राजनैतिक सिमाना सिमित गर्न नहुने, प्राकृतिक श्रोत माथिको परम्परागत अधिकारको सवालमा केही सफलता हासिल गरिसकेको नेपालको अनुभवलाई पनि बिर्सन सक्ने अवस्था छैन् । यस परिस्थितिमा तराईको वनको व्यवस्थापनको लागि एउटै र माथिबाट लादिने व्यवस्थापन पद्धति अनुपयुक्त पनि हुनसक्ने सम्भावना छ । स्थानीय सरकार संचालन ऐन (२०७४) ले संघ र प्रदेशको कानूनसँग एवं संविधानको भावनासँग विभेद नहुने गरी सामुदायिक/साझेदारी वन आदि सबैको व्यवस्थापन र नियमन स्थानीय तह मार्फत हुनुपर्ने उल्लेख भएको छ ।

## ७. कर्मचारीतन्त्र र केन्द्रिकृत प्रणाली प्रतिको वितृष्णा

यस लेख तयार गर्ने क्रममा गरिएको छलफलमा सहभागीहरुले वर्तमान कर्मचारीतन्त्र र शासनको केन्द्रिकृत प्रणाली प्रतिको वितृष्णा पोखेको थिए । उनीहरुको तर्क, वनका सरकारी कार्यालयहरु सेवाग्राहिको सहयोगी कहिल्यै बन्न नसकेको रहेको थियो । साथै, सहभागीहरुले प्रहरी र न्यायालयको रुपमा वन प्रशासन चलेकोले, यी संस्थाहरुको काम सेवामुलक जस्तो नै देखिएको छैन् भनेर आफ्नो विचार राखेका थिए । उनीहरुले वनको व्यवस्थापनबाट दिगो आर्थिक विकास र समृद्धिको लागि काम गर्नुपर्ने निकाय, मान्छे थुन्ने र फैसला गर्न व्यस्त हुने कार्यले गर्दा नै असफल भएको तर्क प्रस्तुत गरेका थिए । अब कानूनी पाटो अदालतले प्रशासनिक कार्य स्थानीय तहले र प्राविधिक कार्य प्राविधिकहरुको सिफारिसमा गर्नुपर्दछ ।

अर्कोतर्फ, वन विभागको तर्फबाट वन तथा भू-संरक्षण मन्त्रालयमा पेश भएको संघीय संरचनामा वन क्षेत्रको कार्य विभाजन र वनको संगठन संरचनाको प्रतिवेदन (२०७४) ले वनको संरचना स्थानीय तहको मातहतमा रहन नसक्ने कुरा प्रस्तुत गरेको छ । उक्त प्रतिवेदनले प्रदेश सरकार अन्तर्गत रहने गरी १०३ वटा डिभिजन कार्यालय, ६५८ वटा सव डिभिजन कार्यालय गरी ७६१ वटा कार्यालय ७५ वटा जिल्लामा स्थापना गर्ने प्रस्ताव गरेको छ । यस प्रतिवेदनको मनसाय स्थानीयको मातहतमा गएर वन प्राविधिक कर्मचारीले काम गर्न नसक्ने कुराको संकेत गरेको छ ।

## ८. स्थानीय तहको अवस्था विश्लेषण

वन व्यवस्थापनको सवालमा हालै निर्वाचित जनप्रतिनिधिको हातमा थुप्रै अवसर र चुनौती थुपारिएका छन् । वनक्षेत्रको उचित व्यवस्थापनले उनीहरुको राजनैतिक स्वार्थ पुरा गर्न प्रशस्त सहयोग पुग्नेछ भने वनको व्यवस्थापन उचित तरिकाले गर्न नसक्दा व्यापक विरोध र द्वन्दको स्थिति सामना गर्नुपर्ने हुन्छ । स्थानीय तहसँग वन व्यवस्थापन सम्बन्धमा के कस्ता सबल र दुर्बल पक्ष छन् र के अवसर र कस्तो चुनौति छन् भन्ने बारे तल चर्चा गरिएको छ ।

**८.१ सबल पक्ष :-** वनको विकास र व्यवस्थापनको पक्षमा स्थानीय तहलाई काम गर्न निकै सहजता पुग्ने देखिन्छ । वन व्यवस्थापनको सन्दर्भमा प्रशस्तै ज्ञान र सीप समुदाय स्तरमा उपलब्ध छ । गाउँ तहसम्म बनेका जनस्तरका संरचनाहरुको क्रियाशिलता पनि यस कार्यको लागि सहयोगी बन्नेछ । आवश्यकता अनुसार स्वयंसेवी ढंगबाट काम गर्ने स्वयंसेवकहरु गाउँमा उपलब्ध छन् भने उत्पादित वस्तु तथा सेवालाई बजार सम्म पुऱ्याउन पनि सहज बनिसकेको छ । सरकारी नीति तथा कार्यक्रमले वन व्यवस्थापनको वातावरणलाई सहज बनाइदिएको छ । अन्तराष्ट्रिय कानून, राष्ट्रिय कानून र स्थानीय जनचासोको बीचमा समन्वय गर्दै कार्य गर्नसकिने प्रशस्त सम्भावना रहेको देखिन्छ ।

**८.२ दुर्बल पक्ष:-** स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरुमा विषयगत ज्ञानको अभाव,विभिन्न समूह तथा निकायसंग समन्वय र सहकार्य गर्नसक्ने क्षमताको कमी, श्रोतको पहिचान र परिचालन क्षमताको अभाव जस्ता पक्ष स्थानीय तहको कमजोरी पक्ष हुनसक्छन् । साथै, स्थानीय तहमा सरकारको तर्फबाट खटाइने प्राविधिक कर्मचारीको क्षमता कमजोर भएको खण्डमा पनि स्थानीय तहले प्रभावकारी ढंगले काम गर्न सक्दैन ।

**वन व्यवस्थापनमा स्थानीय तहको भूमिकाको विश्लेषण (SWOT Analysis)**

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| (१) स्थानीय स्तरमा क्रियाशिल वन समूहहरुमा रहेको ज्ञान,सीप र अवधारणा ।<br>(२) स्थानीय वन समूहहरुको संस्थागत क्षमता ।<br>(३) वन, वातावरणको क्षेत्रमा रहेको जनचेतना ।<br>(४) वन उद्यम संचालनका सफल नमूनाहरु ।<br>(५) विद्यमान ऐन/कानून तथा नियमहरु<br>(६) स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरु समेत वन समूहका बारे जानकार हुनु ।<br>(७) वन क्षेत्रले दिदै आएको वस्तु तथा सेवा आदि ।<br>(८) वन सेवाका कर्मचारी/प्राविधिकहरुमा रहेको ज्ञान सीप । | (१) हाल क्रियाशिल वन समूहहरुमा व्याप्त भ्रष्टाचार, अपारदर्शिता र कुशासन ।<br>(२) वन समुदायको भन्दा पनि ठेकेदार र पदाधिकारीको चलखेलको थलो बनेकोले सुधार्न गाह्रो पर्ने ।<br>(३) राजनैतिक पार्टीकरण भई मुद्दालाई प्रतिशोधको रुपमा प्रस्तुत गर्ने ।<br>(४) गरिब, दलित र जनजातिले वनमाथिको अधिकार हालसम्म पाएका छैनन् ।<br>(५) लाभांश बाँडफाँडमा अनिश्चितता आदि । |

| अवसर | चुनौती |
|---|---|
| • स्थानीय तह जननिर्वाचित निकाय भएकोले स्थानीय समर्थन प्राप्त हुने ।<br>• स्थानीय तहसंग वन,वातावरण, जैविक विविधता संरक्षणको लागि काम गर्ने अधिकार भएकोले ।<br>• कतिपय सन्दर्भमा जननिर्वाचित प्रतिनिधिहरु वनको संरक्षण तथा व्यवस्थापनमा ज्ञान भएका ।<br>• रोजगारी श्रृजना गर्न वनक्षेत्रको दिगो व्यवस्थापन गर्न सक्ने/उद्यम स्थापनामा कार्य गर्न सक्ने ।<br>• वन वातावरणको लागि अन्य सरकारी/गैरसरकारी संघ-संस्थासंग सहकार्य गर्नसक्ने,<br>• उत्पादित वस्तु तथा सेवालाई सहज ढंगले बजारीकरण गर्न सकिने,<br>• वन प्रमाणीकरण कार्य गरी आफ्नो वस्तु तथा सेवाको मूल्य अभिवृद्धि गर्न सकिने,<br>• वन नभएको ठाउँमा नयाँ वन निर्माण गर्न सकिने,<br>• स्थानीय स्तरमा वन वातावरण,जैविक विविधता र जलाधार संरक्षणमा आवश्यक नीति तथा कानून निर्माण गर्नसक्ने ।<br>• वनको दिगो व्यवस्थापन गरी आयश्रोत वढाउन सक्ने ।<br>• पर्यापर्यटनको विकास गर्न सक्ने । | • वनक्षेत्र माथिको पहुँच र नियन्त्रणको विषयमा आउन सक्ने द्वन्द ।<br>• लाभांश बाँडफाँडमा आउन सक्ने विवाद ।<br>• दुई वा दुई भन्दा बढी स्थानीय निकायबीच वन पैदावारको पहुँच,नियन्त्रण र बाँडफाँडमा आउने समस्या ।<br>• केन्द्र र प्रदेशले जारी गर्ने नीति, कानून र स्थानीय स्तरमा गरिने अभ्यास वीचको तालमेल ।<br>• अस्पष्ट वन अधिकारको विषय (Unclear forest tenure issue)<br>• जनप्रतिनिधिको चाहना र प्राविधिक कर्मचारीको ज्ञान र सीपको बीच सामजस्यता ल्याउन ।<br>• वन मन्त्रालय र विभाग अन्तर्गतका कर्मचारीहरुबाट स्थानीय तह मातहतमा वनको संरचना राख्न नहुने भनेर चलाइएको बहस । |

(श्रोत : सर्वेक्षण कार्य, २०७४)

**८.३ अवसरको क्षेत्रः-** वन क्षेत्र आयआर्जनको दृष्टिकोणबाट प्रचुर सम्भावना भएको क्षेत्र हो। काठ,दाउरा,घाँस-पात देखि जडिबुटी र जैविक विविधता समेतको हिसाबले यो महत्त्वपूर्ण क्षेत्र मानिन्छ। लामो समयदेखि अभ्यास गरिएको समुदाय परिचालन मार्फत वन व्यवस्थापनको कार्यले वन तथा जैविक विविधता संरक्षणमा राम्रो सफलता प्राप्त गरेको छ। यस परिवेशमा स्थानीय तहलाई वन क्षेत्रमा कार्य गर्न सहज वातावरण उपलब्ध हुनेछ। वन व्यवस्थापन बारे खासै नयाँ काम शुरु गर्नुपर्ने अवस्था छैन्। स्थानीय समुदायमा वन संरक्षणप्रतिको चासो स्थापित भईसकेको अवस्था छ। केवल वनको श्रोतलाई व्यवस्थापन गरी समुदायको समृद्धि तर्फ लैजाने कार्यमा स्थानीय सरकारले ध्यान पुऱ्याउनु पर्नेछ। प्राप्त वन पैदावार तथा सेवालाई न्यायोचित ढंगवाट वितरण गर्ने कार्यमा थप काम गर्नुपर्ने देखिन्छ। वनक्षेत्रमा उपलब्ध काठको व्यवस्थापनबाट स्थानीय समुदायले काठ,दाउरा प्राप्त गर्नेछन् भने बढि भएका काठ, दाउरा बजारमा बिक्री वितरण गरी थप आयआर्जन गर्ने अवसर श्रृजना हुनेछ। वनको सिल्भिकल्चर विधि मार्फत् व्यवस्थापन गरेर दिगो व्यवस्थापन गर्न सकिने अवसरलाई स्थानीय तहले उपयोग गर्न सक्नुपर्दछ। यस कार्यको लागि उपलब्ध जनशक्ति परिचालन तथा थप जनशक्ति विकास गर्न सकिने र तिनीहरुलाई परिचालन गरी रोजगारीको अवसर श्रृजना गर्न सकिने छ। वन क्षेत्रमा सलंग्न श्रमिकहरुको श्रमलाई गुणस्तरीय र मर्यादित बनाउने तर्फ स्थानीय तहले काम गर्न सक्नेछ। जननिर्वाचित प्रतिनिधिहरुले वनक्षेत्रमा प्रशस्त स्थानीय स्तरको उद्यम विकास गर्ने सम्भावना समेत छ। जडिबुटी खेती,प्रशोधन तथा उत्पादनदेखि काठको मूल्य श्रृङ्खला वृद्धि गरी उपभोग योग्य सामग्री उत्पादन गर्ने र विक्री वितरण गर्ने कार्यमा निजी क्षेत्रसंग सहकार्य गर्नसक्ने सम्भावना रहेको छ। पर्यापर्यटन देखि कृषि वन कार्यक्रमसम्म संचालन गरी आयआर्जन गराउन स्थानीय तहको भूमिका हुनसक्नेछ।

अर्कोतर्फ वनको व्यवस्थापनबाट प्राप्त आम्दानीबाट केही शुल्क वा कर लगाई थप आम्दानीको अवसर समेत श्रृजना गर्न सक्नेछन्।

वनक्षेत्र नभएको स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको पर्ति-ऐलानी जग्गामा वृक्षारोपण गरी नयाँ वन बनाउन सक्नेछन् भने निजी वन प्रवर्धन कार्यक्रम मार्फत वनक्षेत्र बाहिर रुख-विरुवा हुर्काउन सक्नेछन्। यी कार्यहरुले एकातर्फ स्थानीय वातावरण संरक्षणमा टेवा पुग्नेछ भने अर्कोतर्फ रोजगारी श्रृजना गरी स्थानीय स्तरमा आयआर्जनको सम्भावनालाई उजागर गर्नेछ।

**८.४ चुनौती :-** कतिपय सन्दर्भमा वन व्यवस्थापनको विषय नै स्थानीय तहको लागि चुनौतिको विषय बन्न पुग्नेछ। वनक्षेत्र नभएका गाउँ तथा नगरपालिकाहरुले तत्काल वैकल्पिक उर्जा उपलब्ध गराउन नसकेमा स्थानीय वासिन्दा अर्को गाउँ/नगरपालिका क्षेत्रमा घाँस,दाउरा तथा काठ पातको लागि जानेछन्। यस्तो अवस्थामा उनीहरु बीच विवाद उत्पन्न हुनेछ। वनक्षेत्रको उपयोग र संरक्षणलाई राजनैतिक सिमाना सिमित गरेमा यो समस्या देखिनेछ। यसैगरी, स्थानीय तहहरुबीच उचित तवरले समन्वय,सहकार्य र सहअस्तित्वलाई स्वीकार गर्नसक्ने वातावरण नभएमा एक क्षेत्रवाट अर्को क्षेत्रमा ओसार-पसार गर्न झन्झट उत्पन्न हुन सक्नेछ।

अर्कोतर्फ हेर्ने हो भने कतिपय स्थानीय तहले स्थानीय श्रोतको मालिक आफू भएको सम्झी यस भन्दा पहिले तयार भएको संरचनाहरु (जस्तै- सामुदायिक वन, साझेदारी वन, कबुलियती वन आदि) लाई बेवास्था गरी आफ्नै ढंगले चलाउन सक्ने सम्भावना पनि छ। यस्तो अवस्था भएमा ती स्थानीय समुदायमा आधारित समूहहरु र स्थानीय तह बीच अधिकार क्षेत्रको विषयमा विवाद उत्पन्न हुनसक्ने देखिन्छ। यसको साथै, संविधान र यसपछि सरकारले जारी गरेको परिपत्रहरुले श्रृजना गरेको भ्रमको कारण स्थानीय सरकारले जथाभावी लगाउने शुल्क तथा कर पनि विवादको कारण बन्न सक्नेछ। तराईको सन्दर्भमा अभ्यास भईरहेको साझेदारी वनले विभिन्न स्थानीय तहको क्षेत्र ओगटेको छ। अबको पूर्नसंरचनाले त्यस्तो अभ्यासलाई निरन्तरता दिन सही ढंगले सहजीकरण गर्न सक्नुपर्दछ। अन्यथा श्रोत हुने र नहुने बीच थप द्वन्द श्रृजना हुनेछ।

वन व्यवस्थापनको अर्को चुनौती भनेको जननिर्वाचित स्थानीय तहले स्थानीय समूहहरुलाई सहजीकरण गर्ने कुरा हो। राजनैतिक ढंगले समूहमा हस्तक्षेप गर्ने,समूहहरुमाथि अनावश्यक दुख दिने जस्ता कार्य गरेमा स्थानीय तहलाई काम गर्न चुनौतीपूर्ण हुनेछ। अर्कोतर्फ हेर्ने हो भने स्थानीय राजनैतिक पार्टीहरु बीचको समन्वय र सहयोगको वातावरण पनि चुनौतीको पाटो हुनसक्छ।

**घटना अध्ययन :-** गोर्खा जिल्लाको धार्के गाउँपालिकाको परिषदले गाउँपालिका क्षेत्रमा एउटा बोटानिकल गार्डेन (Botanical Garden) र एउटा समुदायमा आधारित जैविक विविधता संरक्षण क्षेत्र घोषणाको पहल गर्ने निर्णय गऱ्यो। गोर्खा भूकम्पको केन्द्रविन्दु नजिक पर्ने लाप्राकको गुप्सी पाखामा पर्यापर्यटन विकासको लागि प्राकृतिक गार्डेन व्यवस्थापनको कार्य सुरु भईसकेको छ भने धार्के र सुलीकोट गाउँपालिका क्षेत्र ओगट्ने ठूलो वन क्षेत्रलाई समुदायमा आधारित संरक्षण क्षेत्र घोषणाको तयारी भएको छ। यस कामको लागि गाउँपालिका प्रमुख सन्तोष गुरुङ्ग विभिन्न निकायसंग सम्पर्क गरिरहनु भएको छ।

यस कार्यले स्थानीय जनप्रतिनिधिले तयार गर्ने योजनाप्रति समुदायको अपनत्व बढ्छ र दिगो व्यवस्थापनको लागि मद्धत पुऱ्याउँछ भन्ने संकेत गर्दछ।

यसैगरी, गोर्खा जिल्ला कै गण्डकी गाउँपालिकाले पनि आफ्नो क्षेत्रभित्रको वनलाई कसरी व्यवस्थापन गर्ने ? भन्ने बारे विभिन्न छलफलहरु अगाडी बढाएको छ। गाउँपालिका प्रमुख, होम बहादुर राना र उपप्रमुख ललिता अधिकारीले वन क्षेत्रको दिगो व्यवस्थापनको लागि विभिन्न निकायसंग आफुहरु सहकार्य गर्न तयार रहेको बताउनुभयो।

## सुझाव तथा सिफारिसहरु

स्थानीय तहले वनको व्यवस्थापनमा तत्काल गर्नुपर्ने केही बुँदाहरु निम्नानुसार सिफारिस गरिएको छ।

(१) गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो क्षेत्रमा रहेको सबै प्रकारको वन श्रोतको तथ्यांक संकलन गरी अवस्था सार्वजनिक गर्नुपर्दछ। यसले गर्दा स्थानीय तहबाट भएका गतिविधि मार्फत के-कति सफलता प्राप्त भयो भनी मूल्यांकंन गर्न सकिनेछ।

(२) यसरी संकलित तथ्यांक र स्थानीय समुदायको चाहना बीचको खाडल पुर्न केही अल्पकालीन र दीर्घकालिन ठोस योजना तयार गर्ने सम्भव भए छोटो र स्पष्ट बुझिने खालको वन व्यवस्थापनको लागि दीर्घकालिन योजना निर्माण गरी लागु गर्ने।

(३) दीर्घकालिन योजना निर्माणको लागि वनक्षेत्रमा अनुभव भएको व्यक्तिहरु सम्मिलित समूहलाई काममा लगाउने। जुन योजनाले वनक्षेत्रबाट सामाजिक, आर्थिक र वातावरणीय पक्षमा पुऱ्याउन सक्ने योगदान स्पष्ट खुलेको होस्।

(४) वन उपभोक्ता समूह क्रियाशिल भएको क्षेत्रमा समूहहरुलाई गाउँ/नगरपालिकाको छातामुनी आबद्ध गराई गाउँ/नगरपालिकाको दुरदृष्टि प्राप्तिमा योगदान पुऱ्याउन निर्देशन गर्ने।

(५) वन समूहहरु निस्क्रिय रहेको,अपारदर्शि भएको अवस्थामा आवश्यक सहजीकरण गरी क्रियाशिल बनाउने।

(६) वनक्षेत्रलाई 'समृद्धि' संग जोड्दै वन उद्यम विकासमा मद्धत पुऱ्याउने र मानवीय श्रोत विकासमा ठोस कार्य गर्ने।

(७) वनको अधिकारबाट बञ्चित घर, परिवार तथा समुदायको पहुँच र नियन्त्रण बढाउने कार्य गर्ने/वन मार्फत् गरिब समुदायको जीविकोपार्जन हुने खालको कार्यक्रमलाई प्राथमिकता दिने।

(८) वनको दिगो व्यवस्थापनको लागि कार्य गर्ने। यस अन्तर्गत वन बढाउने, बुढा पुराना रुखहरु हटाई पुर्नउत्पादनमा जोड दिने, जैविक विविधता संरक्षणमा ध्यान दिने।

(९) आफ्नो गाउँ/नगर क्षेत्रमा 'एक गाउँ एक उद्यान' लाई अभियानको रुपमा अगाडी बढाउने।

(१०) वनक्षेत्रमा पर्यापर्यटन व्यवसाय संचालन गरी स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने ।

(११) वनक्षेत्रमा निजी-सार्वजनिक क्षेत्रको साझेदारी वृद्धि गरी नयाँ अवसरहरुको श्रृजना गर्ने ।

(१२) वन क्षेत्र नभएका आसपासका स्थानीय तहसंग सहकार्य र समन्वय गरी उपलब्ध वस्तु तथा सेवा उनीहरुले पाउने वातावरण तयार गर्ने ।

(१३) आफ्नो क्षेत्रमा उपलब्ध पारिस्थितिकिय सेवालाई बजारीकरण गर्न पहल गर्ने। वन क्षेत्रमा पर्यापर्यटन विकास तथा जैविक विविधता संरक्षणको कार्य गर्ने ।

(१४) वन क्षेत्रमा भएका कामहरुको प्रभावकारी अनुगमन र मूल्याकंन संयन्त्र विकास गरी कार्यान्वयन गर्ने ।

यी माथि उल्लेखित सुझाव बाहेक पनि थुप्रै कामहरु स्थानीय तह मार्फत हुनसक्छन् । यस कार्यको लागि जनप्रतिनिधिहरुले आफ्नो क्षमता बढाउदै कार्य गरेमा वन मार्फत गाउँ/नगरक्षेत्रको विकासमा टेवा पुग्नेछ ।

## निष्कर्ष

स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरु मार्फत काम हुन थालेपछि जनअपेक्षाहरु बढ्दै गएका छन् तर स्थानीय माग बमोजिम सेवा र सुविधा उपलब्ध गराउन जनप्रतिनिधिहरुलाई सहज छैन। वनक्षेत्रको व्यवस्थापनमा समेत जनआकांक्षा बढ्दो छ। ती सबै आकांक्षा पुरा गर्न सहज छैन। तथापी, वनक्षेत्रको दिगो व्यवस्थापन मार्फत उद्यम विकास, रोजगारी श्रृजना र स्थानीय तहको आम्दानी वृद्धि गर्ने काममा भने सबैको चासो हुनेछ। ती सबै कार्यमा स्थानीय तहले मात्र गर्न सम्भव छैन। त्यसैले अन्य निजी तथा गैर-सरकारी संघ-संस्थासंग समन्वय र सहकार्य गर्दै वन विकासमा लाग्नुको विकल्प छैन् ।

समग्रमा हेर्ने हो भने स्थानीय तहबाट सहज र सजिलो तरिकाबाट वन सम्बन्धि सेवा स्थानीय समुदायले पाउन सक्नेछन्। लाभको हिस्सा धेरै भन्दा धेरै तल्लो तहमा पुग्नेछ। स्थानीय ज्ञान र सीपको प्रयोगले गर्दा स्थानीय स्तरमा रोजगारी श्रृजना हुने सम्भावना छ। वन क्षेत्रमा देखिएको ढिलासुस्ती तथा अपारदर्शी प्रकृयामा समेत सुधारको सम्भावना देखिएको छ ।

वन श्रोत र वन क्षेत्र जनताको दैनिक जनजीविकासँग प्रत्यक्ष जोडिएको क्षेत्र हो । रुपान्तरित संसदबाट २०७३ मा जारी वन ऐनले वन श्रोत व्यवस्थापनका विभिन्न ढाँचाबाट स्थानीय समुदायले माग गर्ने वन सम्बन्धि स्थानीय सेवालाई सबल र सक्षम रुपमा पुरा गर्ने उद्धेश्य राखेको देखिन्छ। वन सम्बन्धि सेवा स्थानीय सेवा नै भएकाले यसलाई स्थानीय तहको अधिकार क्षेत्र भित्र कै सेवाको रुपमा लिनुपर्ने देखिन्छ। यसबाट प्राप्त हुने लाभ सविधानको साझा सूचीमा नै उल्लेख गरिएकाले वन क्षेत्रको जिम्मेवारीबाट स्थानीय तहलाई विमुख गराउन सकिदैन ।

## सन्दर्भ सामाग्री


**अर्थ मन्त्रालय**। २०७४। स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४। सिंहदरवार, काठमाण्डौं, नेपाल।

**नेपाल सरकार**। २०४९। वन ऐन २०४९ (दोश्रो संशोधन २०७३)। वन तथा भू-संरक्षण मन्त्रालय , नेपाल सरकार , सिंहदरवार, काठमाण्डौं।

**नेपाल सरकार**। २०७१। वन नीति। २०७१। वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल सरकार, काठमाण्डौं।

**नेपाल सरकार**। २०७२। नेपालको संविधान। काठमाण्डौं, नेपाल।

**नेपाल सरकार**। २०७४। कार्य विस्तृतिकरण प्रतिवेदन। संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय , सिंहदरवार, काठमाण्डौं।

**नेपाल सरकार**। २०७४। स्थानीय सरकार संचालन ऐन। २०७४। संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय , सिंहदरवार, काठमाण्डौं।

**धुलिखेल घोषणा**। २०७४। प्रदेश नं. ३ का महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका प्रमुख एवं उपप्रमुख र गाउँपालिका का अध्यक्ष एवं उपाध्यक्षद्धारा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट

आयोजित स्थानीय तह संचालन एवं व्यवस्थापन सम्बन्धि अन्तरक्रिया कार्यक्रमको अवसरमा जारी गरिएको । काभ्रे, धुलिखेल ।

**वन विभाग** । २०७४ । संघीय संरचनामा वन क्षेत्रको कार्य विभाजन र वनको संगठन संरचनाको प्रतिवेदन, २०७४ । बबरमहल, काठमाण्डौं नेपाल ।

**वन प्राविधिक संघ लगायतका संघ संस्था** । २०७४ । ध्यानाकर्षण पत्र, काठमाण्डौं, नेपाल ।

**संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय** । २०७४ । स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ । सिंहदरवार, काठमाण्डौं ।

**Department of Forest, Research & Survey (DFRS).** 2018. Forest Cover Maps of Local Levels (753) of Nepal. Department of Forest Research and Survey (DFRS), Kathmandu, Nepal.